RELYANCE LIFE INSURANCE
खुलेर जिऔं

# आर्थिक बर्ष २०७८/७९ को तेस्रो त्रैमासिक (चैत्र मसान्त) सम्मको वित्तीय विवरण

(रकम रु. हजारमा)

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.व. को सम्बन्धित त्रैमासिकका अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ६,०२०,८५७ | ५,६८३,४९३ | ४,५९३,०५० |
| १.१ | चुक्ता पूंजी | २,१००,००० | २,१००,००० | २,१००,००० |
| १.२ | जगेडा तथा कोष | २१३,७२८ | १८१,७५३ | २०५,७१४ |
| १.३ | जीवन बीमा कोष | ३,६७१,१०० | ३,३६९,२६४ | २,२६४,४७९ |
| १.४ | महाबिपत्ती कोष जगेडा | ३६,०२८ | ३२,४७६ | २२,८५७ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग(२.१ देखि २.६ सम्म) | ६,०२०,८५७ | ५,६८३,४९३ | ४,५९३,०५० |
| २.१ | स्थिर सम्पति(खुद) | ७०,३६८ | ६६,३३५ | ७१,३७५ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ३,४६९,४४६ | ३,०७५,४४६ | १,९१३,६६३ |
| २.३ | बीमालेखको धितोमा कर्जा | ४३५,२७५ | २८०,७०६ | २०७,३०२ |
| २.४ | अन्य दीर्घकालिन कर्जा | ६८,९०४ | ७३,७०७ | ९१,४१७ |
| २.५ | खुद चालु सम्पत्ती (३-४) | १,९७६,८६४ | २,१८७,२९९ | २,३०९,२९४ |
| २.६ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | – | – | – |
| २.७ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – |
| | खूद चालु सम्पत्तीको विवरण | – | – | – |
| ३ | चालु  सम्पत्ती कर्जा तथा पेश्कीहरु (३.१ देखी ३.३ सम्म) | २,५३९,३५१ | २,७६०,३२३ | २,७१६,७६७ |
| ३.१ | नगद तथा बैंक मौज्दात | १५८,७५४ | ५०९,५५७ | ४५३,५९७ |
| ३.२ | अल्पकालीन लगानी तथा कर्जा | २,१०९,५४६ | १,९३९,८३४ | २,०७८,७४४ |
| ३.३ | अन्य सम्पत्ती | २७१,०५१ | ३१०,९३२ | १८४,४२६ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखी ४.४ सम्म) | ५६२,४८८ | ५७३,०२४ | ४०७,४७३ |
| ४.१ | चालु दायित्व | ३६७,८१३ | ५०३,४०२ | ३५३,४९२ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १३८,८०८ | ३३,९८४ | ३६,०६६ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १३,४३८ | २,०७० | ८९८ |
| ४.४ | अन्य व्यवस्था | ४२,४२९ | ३३,५६८ | १७,०१७ |
| | **नाफा नोक्सान हिसाव** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | १८१,३०९ | ११५,२८० | ११७,८७९ |
| १.१ | आय व्यय हिसावबाट सारेको | ३७,९६२ | २२,६०२ | १६,३०७ |
| १.२ | जीवन बीमा कोषवाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यवाट आय | १४२,५५७ | ९२,१०५ | १००,३८२ |
| १.४ | व्यवस्था फिर्ता | – | – | ४७७ |
| १.५ | अन्य आम्दानी | ७९० | ५७४ | ७१३ |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८ सम्म) | ६०,८२६ | ३९,२४६ | ५२,०१३ |
| २.१ | व्यवस्थापन खर्च | ३२,८२५ | २१,६४३ | ३४,६२० |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | शेयर सम्बन्धी खर्च | ७१६ | ५७० | ९,४०९ |
| २.४ | अन्य खर्चहरु | १४३ | ७२ | ६६५ |
| २.५ | नोक्सानीको लागी व्यवस्था | १३,७५५ | ८,५१३ | – |
| २.६ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.७ | कर्मचारी वोनस व्ययवस्था | १३,३८७ | ८,४४८ | ७,३१८ |
| २.८ | समायोजित आयकर | – | – | – |
| २.९ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान(१-२) | १२०,४८३ | ७६,०३४ | ६५,८६६ |
| | **एकिकृत आय व्यय हिसाव** | | | |
| १ | आय (१.१ देखी १.७ सम्म ) | २,४६४,०३० | १,५६५,८१४ | २,०२५,७२८ |
| १.१ | बीमाशूल्क (खूद) | २,१३८,६९४ | १,३५६,९५१ | १,८४४,९२७ |
| १.२ | पुनर्बीमा कमिसन आय | – | – | – |
| १.३ | लगानी, कर्जा तथा अन्यवाट आय | २२४,२६४ | १३२,७४४ | १४१,२८२ |
| १.४ | बीमालेखको धितोमा कर्जावाट आय | २४,५४७ | १२,५०१ | ९,४८३ |
| १.५ | अन्य प्रत्यक्ष आय | ५,५६८ | ३,३६७ | २,६७३ |
| १.६ | त्रैमासिकको शुरुको भूक्तानी हुन बाँकी दावी बापत व्यवस्था | २,५९१ | २,५४३ | – |
| १.७ | त्रैमासिकको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ६८,३६५ | ५७,७०७ | २७,३६३ |
| २ | व्यय (२.१ देखी २.१० सम्म) | १,३५६,४८८ | ७७०,६९९ | ८८६,०६६ |
| २.१ | दाबी भुक्तानी (खुद ) | ५४५,७७७ | २८६,३६३ | २१४,८५२ |
| २.२ | अभिकर्ता कमिशन | ३३९,०२० | २३७,७५८ | ३०२,४७४ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | २,६३५ | २,१७२ | १,७४९ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | २१,३८७ | १३,५७० | १८,४४९ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | – | – | – |
| २.७ | व्यवस्थापन खर्च | २९५,४२३ | १९४,७८३ | ३११,५७८ |
| २.८ | आयकर | – | – | – |
| २.९ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था | १३,४३८ | २,०७० | ८९८ |
| २.१० | त्रैमासिकको असमाप्त जोखिम बापत व्यवस्था | १३८,८०८ | ३३,९८४ | ३६,०६६ |
| ३ | वचत(१-२) | १,१०७,५४१ | ७९५,११५ | १,१३९,६६२ |
| ३.१ | जीवन बीमाकोषमा सारेको | १,०६९,५८० | ७७२,५१३ | १,१२३,३५५ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ३७,९६२ | २२,६०२ | १६,३०७ |
| | **अन्य विवरण** | | | |
| १ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा) (यस आ.व.) | २,२४२,७९७ | १,४४०,०९१ | १,९०४,०२९ |
| २ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा)  (हाल सम्म) | ७,०८६,६०८ | ६,२८३,९०२ | ४,१४५,३३६ |
| ३ | कुल जारी बीमालेखको संख्या (यस आ.व.) | ५४४,०१३ | १६९,६०० | १२,१२० |
| ४ | कूल दावी भुक्तानी रकम (रु. हजारमा) (यस आ.व.) | ६५९,७६२ | ३७२,४२२ | २३६,४८८ |
| ५ | कूल दावी भुक्तानी संख्या (यस बर्ष) | ८९२ | ४५४ | १४२ |
| ६ | भुक्तानी हुन बाँकी दावी रकम (रु. हजारमा) | ११,६८५ | १,८०० | ७८१ |
| ७ | भुक्तानी हुन बाँकी दावी संख्या | ४८ | १० | ११ |

द्रष्टव्यः
१. लेखापरिक्षण नभएका अंकहरु नियमन निकायको निर्देशन तथा लेखापरिक्षण पश्चात हेरफेर हुन सक्नेछन् ।
२. कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम बापतको व्यवस्था बीमाङ्कीय मुल्यांकन पश्चात परिवर्तन हुन सक्नेछ ।
३. कम्पनीको माथि उल्लेखित मुनाफा बीमाङ्कीय मुल्यांकन पश्चात परिवर्तन हुन सक्नेछ ।

## आ.व.२०७८/७९ को दोस्रो त्रैमासिक प्रतिवेदन
## (धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) को प्रयोजनका लागि)

**१. वित्तीय विवरणः**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यस कम्पनीको आ.व. २०७८/७९ को दोस्रो त्रैमासिकको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ ।**

कम्पनीले आ.व. २०७८/७९ को तेस्रो त्रैमास सम्ममा रु. १२.०४ करोड खुद नाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा भएको खुद नाफाको दाँजोमा यस समीक्षा अवधिमा मुनाफामा ८२.९२ प्रतिशतको बृद्धि भएको छ । यस समीक्षा अवधिमा आय व्यय हिसाबबाट रु. १.०७ अर्ब जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. ३.६७ अर्ब भएको छ जुन गत बर्ष सोही अवधिसम्मको कुल जीवन बीमाकोष रु. २.२६ अर्बको तुलनामा ६२ प्रतिशतको बृद्धि हो ।

कम्पनीले आ.व. २०७८/७९ को तेस्रो त्रैमास सम्ममा रु. ६५.९७ करोड कुल दावी भुक्तानी गरेको छ। कम्पनीले आ.व. २०७८/७९ को तेस्रो त्रैमास सम्ममा रु. ६.०८ अर्ब लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ४.२९ अर्ब मा ४१.७६ प्रतिशतको बृद्धि हो ।

**ख) सम्बन्धित पक्ष (Related Party) बीच भएको कारोबार सम्बन्धी विवरण :** समीक्षा अवधिमा प्रचलित नियम कानूनको अधिनमा रहि संचालकसंग सम्बन्धित संस्थामा कार्यरत कर्मचारी तथा संचालकसंग सम्बन्धित व्यक्तिको बीमा सम्बन्धि कारोबारको विवरण निम्नानूसार छ ।

| | |
|---|---|
| **कारोबारको किसिम :** संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थामा कार्यरत कर्मचारीको जीवन बीमाशूल्क बापतको आम्दानी | **कारोबार रकम :** रु. ४७६,६७२ |

**ग) प्रमुख बित्तीय अनुपातहरु :** बीमाङ्कीय मुल्यांकन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्छ ।

| | |
|---|---|
| **प्रति शेयर आम्दानी (वार्षिकरण)* :** रु. ७.६५ | **मूल्य आम्दानी अनुपात :** ६७.७२ |
| **प्रति शेयर नेटवर्थ :** रु. १११.८९ | **प्रति शेयर कुल सम्पत्तिको मूल्य :** रु. २८६.७१ |

* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।

**२. व्यवस्थापकिय विश्लेषणः**

(क) कम्पनीको आ.व. २०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा कुल बीमाशुल्क रु. २.२४ अर्ब रहेको छ जुन गत आ.व. को सोही अवधिमा प्राप्त कुल बीमा शुल्क रु. १.९० अर्बको तुलनामा १७.७९ प्रतिशतले वृद्धि भएको हो । त्यसैगरी संकलित प्रिमियम तथा जगेडा कोषहरुमा रहेको रकमलाई दीर्घकालीन/अल्पकालीन मुद्रा बजारका उपकरणहरुमा लगानी गरी ब्याज आर्जन गर्न सफल भएको छ ।

**(ख) बीमा शिक्षा, बीमा सचेतना, बीमा विस्तार लगायतका काममा अग्रसर रही बजारको माग अनुरुप नयाँ बीमा योजनाहरु प्रस्तुत गरी समग्रमा बिमीतहरुको हितलाई केन्द्रविन्दुमा राखी बीमा बजार विस्तार गर्दै सेवाग्राहिहरुलाई व्यावसायिक बीमा सेवा उपलब्ध गराउने कार्य जारी छ ।**

**३. कानूनी कारवाही सम्बन्धी विवरणः** सो नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण :** (क) शेयरको मुल्य बजारमा हुने कारोवारले निर्धारण गर्दछ ।

(ख) त्रैमासिक अवधिको शेयर कारोवारको विवरण :

| | | |
|---|---|---|
| **अधिकतम मूल्य :** रु. ५८९ | **न्यूनतम मूल्य :** रु. ५१४ | **अन्तिम मूल्य :** रु. ५१८ |
| **कारोबार संख्या :** १,२५२,२८१ कित्ता | **कारोबार दिन :** ५८ | |

**५. समस्या तथा चुनौतीः** जीवन बीमाक्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन् :

- नेपालका सम्पूर्ण भूभागमा जीवन बीमा सम्बन्धि सचेतना फैलाउने कार्य भईरहेको भएतापनि देशको विकटतम भौगोलिक स्थितीका कारण धेरै स्थानमा जीवन बीमा सम्बन्धि सचेतना कार्यक्रम, बीमा शिक्षाका कार्यक्रमहरु नियमित रुपले सञ्चालन गर्न अनुकुल नभएको कारण अझ पनि जनमानसमा जीवन बीमा बारे जनचेतनाको कमी रहनु ।
- सिमित लगानीका क्षेत्रहरु ।
- विगत केहि समयदेखि विश्वव्यापी महामारीका रुपमा देखापरेको कोभिड १९ ले विश्व तथा नेपालको अर्थतन्त्रमा पारेको प्रतिकुल असरहरु ।
- नयाँ योजानाहरु जारी गर्न अनुसन्धान तथा विकासको लागि प्रर्याप्त र अधावधिक तथ्याङ्कको अभाव ।
- तरलता संकटले अर्थतन्त्रमा पारेको प्रतिकुल असरहरु ।
- जीवन बीमा व्यवसायमा व्यवसायिक अवधारणाको विकास द्रुत गतिमा हुन नसकेको ।

**६. संस्थागत सुशासन :** विद्यमान ऐन कानून तथा नियमन निकायबाट जारी गरिएका निर्देशनको पालना गर्नुका साथै कम्पनीको सञ्चालक समितिले समय समयमा निर्णय गरी लागु गरेका विभिन्न निति नियमहरु बमोजिम व्यवसायिक सुशासन तथा पारदर्शिताका आधारमा आफ्नो कार्यसम्पादन गरिआएको छ । साथै कम्पनीका सञ्चालक एवं व्यवस्थापन तहका पदाधिकारीहरु रहने गरी लेखापरिक्षण समिति, आर्थिक समिति, लगानी समिति, मानव संसाधन समिति, जोखिम व्यवस्थापन समिति, दावी भुक्तानी समिति, वित्तीय सल्भेन्सी र पूनर्बीमा समिति, कर्मचारी सम्बन्ध समिति र आवश्यकता अनुसार सञ्चालक र व्यवस्थापनका पदाधिकारीहरुको संलग्नतामा समेत विभिन्न समिति/उपसमितिहरु मार्फत सामूहिक रुपमा निर्णयहरु गरी जोखिमलाई कमी गर्ने, उच्चस्तरीय तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी स्वतन्त्र रुपमा नियमित आन्तरिक लेखापरिक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई संस्थागत सुशासनको पालना उच्च रुपमा गरिआएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तत्थ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।


रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड
नयाँ बानेश्वर, काठमाडौं, सम्पर्क: ०१-५९७०४००
info@relifeinsurance.com, www.relifeinsurance.com